## सम्मुनत मधेश प्रदेशका लागि साझा अठोट

## प्रथम मधेश प्रदेश युवा महोत्सव

## जनकपुरधाम, धनुषा

## १५ र १६ असार २०७९

युवा शक्ति हरेक राष्ट्रको अमुल्य सम्पत्ती हो । युवाहरु कुनै पनि सामाजिक, आर्थिक, सास्कृतिक तथा राजनैतिक परिवर्तनका बाहक हुन् । युवाहरुसँग रहेका सृजनात्मक क्षमता, सिकाईको स्तर, जोश तथा उच्च तहको आत्मबलका कारण युवाहरुलाई कुनै पनि देशको अमुल्य निधिको रुपमा पनि मानिन्छ । जुन कुनै पनि राष्ट्र निर्माणका लागि प्रमुख स्रोतको रुपमा पनि लिइन्छ । हाल नेपालमा कुल जनसंख्याको ४०.३ प्रतिशत जनसंख्या १६ देखि ४० वर्ष सम्मका युवाहरुको रहेको छ । राष्ट्रको एक प्रमुख हिस्साको रुपमा युवाहरु रहेका कारणले उनिहरुको क्षमता अभिबृद्धि गर्दै राष्ट्र निर्माणको मुल प्रवाहिकरणमा उनिहरुलाई समाहित गर्नुपर्ने देखिन्छ ।

नेपालको इतिहासमा भएका विभिन्न आन्दोलनहरु हेर्ने हो भने युवाहरुको सहभागितामा भएका आन्दोलनले देशमा प्रमुख परिवर्तनहरु ल्याउन सफल भएको पाइन्छ । चाहे त्यो राजनैतिक आन्दोलन होस् या सामाजिक आन्दोलन नै । युवाहरु नै कुनै पनि देशको परिवर्तनका बाहकका रुपमा हुन्छन् र छन् पनि । सोहि कुरालाई मध्यनजर गर्दै राष्ट्रिय युवा निति २०६६ तथा संघिय नेपालको संविधान २०७२ ले राखेको सोच राष्ट्र निर्माणमा युवाहरुको सहभागिता, युवाहरुको आधारभूत आवश्यकताहरुको परिपूर्ति, आधारभूत मानवअधिकार, लोकतान्त्रिक मुल्य र मान्यता, विश्व शान्ति, सह अस्तित्व लगायतका भावना अनुरुप विभिन्न गतिविधिहरु तीन वटै तहका सरकारबाट आफ्ना कामहरु मार्फत अगाडी आइरहेको देखिन्छ ।

सोही सन्दर्भमा युवाहरुको हुने अधिकारलाई कुनै पनि व्यक्तिको मुलभुत मानवअधिकारको रुपमा व्याख्या गरिएको पाइन्छ छ । नेपालको सन्दर्भमा हेर्दा पनि एतिहासिक काल खण्ददेखि नै युवाहरु समुदाय स्तरमा आफ्नै तरिकाले आफ्नै तरिकाले सहभागी हुदै आइरहेको पाइन्छ । यसलाई औपाचारिक रुपमा संगठित पार्ने काम वि.सं २०४६ सालको राजनैतिक परिवर्तन पश्चान औपचारिक रुपमा अझ व्यापक रुपमा अगाडी बढेको पाइन्छ । तत् पश्चात विभिन्न राजनैतिक दलहरु तथा युवाहरुको अधिकारको क्षेत्रमा कार्यरत विभिन्न विकास साझेदार संस्थाहरुले यसलाई थप विस्तार गर्ने काम गर्यो ।

संघियताको मर्मलाई कार्यान्वयनक गर्दै युवाहरुको सवाललाई स्थापित गर्दै क्रमश कार्यान्वयन गर्दै अगाडी बढेकोमा हामी युवाहरु निकै नै खुसी छौ ।

यसै क्रममा हामी युवाहरु तीन वटा नै सरकार युवा मैत्री भएको हेर्न चाहन्छौ । हाम्रा नगरहरु युवा मैत्री नभई प्रदेश कुनै पनि हालतमा युवा मैत्री बन्न सक्दैन ।

यसै सन्दर्भमा मिति २०७९ असार १५ देखि १६ सम्म मधेश प्रदेश सरका, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा समुन्नत मधेश प्रदेशका लागि साझा अठोट भन्ने मुल नाराका साथ **पहिलो मधेश प्रदेश युवा महोत्सव** मा मधेश प्रदेशका सम्पूर्ण आठवटा नै जिल्लालाई प्रतिनिधित्व गर्दै उपस्थित ५०० भन्दा बढी विभिन्न क्षेत्रका युवाहरुको सक्रिय सहभागीतामा भएका अन्तरक्रिया तथा छलफलबाट आएका सुझावहरुको निष्कार्ष स्वरुप यो २० बुँदे घोषणा पत्र जारि गरिएको छ । साथै युवाहरुका यी सवालहरुलाई कार्यान्वयनमा जानका लागि यस मन्त्रालय प्रतिबद्ध रहेको पनि जानकारी गराउँन चाहन्छ ।

**प्रथम मधेश प्रदेश युवा महोत्सबबाट जारी भएका घोषणा पत्रका विषयहरुः**

१. यस प्रदेशमा सिमान्तकृत समुदायमा रहेका हरुवा चरुवा, दलित समुदाय, मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने युवा लगायतका समूहहरुलाई लक्षित गर्दै उच्च शिक्षा तथा प्राविधिक शिक्षाको निशुिल्क व्यवस्था गरि रोजगारीको सुनिश्चितता गर्ने प्रयत्न गरिनेछ ।

२. युवाहरुको स्वरोजगार अभिबृद्धिका निमित्त स्थानिय तहसँगको समन्वयमा प्रदेश मन्त्रालयको पहलमा तालिम तथा वित्तिय साक्षरता कक्षाको सुनिश्चितता तथा सहुलियत रुपमा उचित पुँजी प्राप्त गर्न सकिने संयन्त्रको व्यवस्था गरिनेछ । सो क्रममा यस क्षेत्रमा सिमान्तकृत समुदायका युवाहरुलाई प्राथमिकता दिइनेछ ।

३. बढ्दो आधुनिकिकरणसँगै डिजिटल माध्यममा युवाहरको पहुँच बढिरहेको हामी सबैलाई सर्वविधित नै छ । यसका साथै उनिहरु विभिन्न गलत वा मिथ्या सूचना, दुष्प्रचार तथा घृणस्पद अभिव्यक्तिको सिकार पनि भइरहेको छ । यसलाई मध्य नजर गर्दै गलत वा मिथ्या सूचना, दुष्प्रचार तथा घृणास्पद अभिव्यक्तिबाट जोगाउनका निमित्त विभिन्न सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. बढ्दो आधुनिकिकरणसँगै युवाहरु कुलतको जोखिम परिरहेका छन् । यसलाई मध्यनजर गर्दै युवाहरुलाई कुलतबाट जोगाउनका निमित्त विभिन्न नितीगत व्यवस्था गर्दै आवश्यक सचेतीकरणका कार्यक्रमहरु आयोजना गरिनेछ ।

५. मन्त्रालयले आफ्नो योजना तर्जुमा गर्दा अनिवार्य रुपमा युवाको सहभागिता गराइनेछ । साथै सोही अनुरुप नै युवा विकासका निमित्त बजेटको पनि विनियोजन गरिनेछ ।

६. विकास निर्माणमा युवाहरुको भूमिका अहम् छ । यसर्थ युवाहरुको अर्थपूर्ण सहभागिताका निमित्त स्थानिय तहसँगको समन्वयमा प्रदेश भित्रका युवा समूहहरुको क्षमता विकास र संस्थागत विकासमा सहयोग र आवद्धताको व्यवस्था गरिनेछ ।

७. प्रदेशका युवाहरुको संस्थागत रुपमा नै समग्र विकासका निमित्त उचित व्यवस्था गरिने छ । यसका लागि प्रदेश युवा परिषद् लगायतका आवश्यक संरचना निर्माणका निमित्त नितिगत व्यवस्था सँगै अन्य पहल कदमी गरिनेछ ।

८. मधेश प्रदेशका जिल्लाहरु अन्तर्राष्ट्रिय सिमा नाकाहरुसँग जोडिएका जिल्लाहरु पनि भएकाले यसमा अवसरसँगै जोखिमताहरु पनि रहेका छन् । यसै कुरालाई मध्यनजर गर्दै सिमा वारपार हुने कुलतको जोखिम, मानव बेचविखन तथा अन्य आपराधिक क्रियाकलापहरुलाई रोकथामका निमित्त एउटा छुट्टै संयन्त्र निर्माण गरी परिचालन गर्न आवश्यक पहलकदमी गरिनेछ ।

९. युवाका विचारहरुलाई प्राथमिकता दिर्दै स्वरोजगारको विकास गर्नका निमित्त उचित विचारहरुलाई प्राथमिकता दिदै उक्त विचारहरु कार्यान्वयन गर्नका निमित्त कोषको व्यवस्था गरी आवश्यक पहलकदमी गरिने छ ।

१०. सबै प्रकारका अपांगतमा रहेका युवाहरु, यौनिक तथा अल्पखंख्यक युवाहरु तथा पछाडि पारिएका युवाहरुको संरक्षण तथा विकासका निमित्त आवश्यक व्यवस्था गरिनेछ । साथै उनिहरुको राजनैतिक सहभागिताको सुनिश्चितता लागि पनि उचित पहल गरिने छ ।

११. समाजमा विद्यमान रहेका दाइजो प्रथा लगायत अन्य हानिकारक सामाजिक मूल्य मान्यताहरु न्यूनिकरणका निमित्त भएका कानुनहरुको उचित तथा प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी पहल गरिनेछ ।

१२. प्रदेश अन्तर्गत युवा सम्बन्धि विषयमा गठन हुने विभिन्न समितीहरुमा युवा लगायत सम्बन्धित क्षेत्रबाट प्रतिनिधित्व गर्दै समावेशिकरणको सुनिश्चितता गरिनेछ ।

१३. युवाहरुका निमित्त औपचारिक शिक्षाका साथै जिवनोपयोगी शिक्षा तथा जिवन पर्यन्त सिकाईको व्यवस्था गरिनेछ ।

१४. विभिन्न अभियानमा संलग्न भएका युवाहरुको अभियानलाई उच्च कदर गर्दै उनीहरुलाई यस मन्त्रालयको कार्यक्रमहरुमा पनि उचित स्थान प्रदान गरिनेछ ।

१५. विभिन्न हिंसा तथा मानव बेचिविखनबाट प्रभावित महिलाहरुको संरक्षणका निमित्त मनोसामाजिक परामर्श, कानुनी संरक्षणको व्यवस्था लगायत अन्य आवश्यक उचित व्यवस्था गरिनेछ ।

१६. मधेश प्रदेश विपद् जोखिमको सवालमा निकै नै शंवेदनशील रहेको कुरा हामी सबैलाई जानकार नै छ। यसै सवालमा युवाहरुको सहभागिता सहयोगी मात्र नभई उनिहरुकै नेतृत्वमा विपद् न्यूनिकरणका गतिविधिहरु सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

१७. मधेश प्रदेश कृषिको क्षेत्रमा उच्च रुपमा सम्भावना भएको क्षेत्र हो। यस कार्यमा लागेका युवाहरु बृद्धि विकासका लागि आवश्यक सामग्री लगायत क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।

१८. प्रदेशमा रहेका युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि खेलकुद लगायत जिमहरुको आवश्यक मात्रामा व्यवस्था गरिने छ।

१९. यस प्रदेश अन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाहरु युवा मैत्री बनाउँनका निमित्त सम्बन्धित निकायहरुसँगको समन्वयमा आवश्यक पहल गरिने छ। साथै युवाहरुको नेतृत्वमा सञ्चालन गरिने विभिन्न अनुसन्धान कार्यहरुको सहयोगका निमित्त आवश्यक व्यवस्था गरिने छ। र सञ्चालति कार्यक्रमहरुको आवधिक रुपमा समिक्षा पनि सञ्चालन गरिने छ।

२०. मधेश प्रदेशलाई देशकै युवा मैत्री प्रदेश निर्माणका लागि सरकारी पहल सँगै तमाम युवाहरु र सरोकार राख्ने सम्पूर्ण निकायसँग समन्वय, सहकार्य र सहयोग गरी यस अभियानलाई साझा अभियान बनाउँदै अगाडि बढिनेछ।